आठविसकोट नगर कार्यपालिकाको २५ औं बैठक मिति २०७५ असोज ०९ गतेका दिन आठविसकोट नगर सभा हलमा नगर प्रमुख श्री गोर्ख बहादुर के.सी.को अध्यक्षता र तपसिलका सदस्यहरुको उपस्थितीमा बस्यो । उक्त बैठकमा तपसिलमा उल्लेखित प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| क्र.सं. | नाम, थर | पद | दस्ततखत | | कैफियत |
|---|---|---|---|---|---|
| | | | २०७५।०६।०९ | २०७५।०[illegible]।१० | |
| १ | गोर्ख बहादुर के.सी. | नगर प्रमूख | | | |
| २ | गीता नेपाली | नगर उप प्रमूख | | | |
| ३ | रामबहादुर के.सी. | नि.प्र.प्रशा.अधिकृत | | | |
| ४ | देव बहादुर घती | वडाध्यक्ष - १ | | | |
| ५ | देव बहादुर यरी | वडाध्यक्ष - २ | | | |
| ६ | केशरमान वि.क | वडाध्यक्ष - ३ | | | |
| ७ | बाबुराम विष्ट | वडाध्यक्ष - ४ | | | |
| ८ | प्रजिते कामी | वडाध्यक्ष - ५ | | | |
| ९ | डिल बहादुर साकी | वडाध्यक्ष - ६ | | | |
| १० | नवराज बुढा | वडाध्यक्ष - ७ | | | |
| ११ | मान बहादुर चदारा | वडाध्यक्ष - ८ | | | |
| १२ | तारक बहादुर शाही | वडाध्यक्ष - ९ | | | |
| १३ | गंगाराम चुनारा | वडाध्यक्ष - १० | | | |
| १४ | हस्ते आग्री | वडाध्यक्ष - ११ | | | |
| १५ | खुम्मे कुसारी | वडाध्यक्ष - १२ | | | |
| १६ | विनोद पुन | वडाध्यक्ष - १३ | | | |
| १७ | हुकुम बहादुर पुन | वडाध्यक्ष - १४ | | | |
| १८ | धन्नाम परियार | कार्यपालिका सदस्य | | | |
| १९ | प्रियंका यरी | कार्यपालिका सदस्य | | | |
| २० | प्रभा मल्ल वि.क | कार्यपालिका सदस्य | | | |
| २१ | मनकली कामी | कार्यपालिका सदस्य | | | |
| २२ | आसिराम वि.क. | कार्यपालिका सदस्य | | | |
| २३ | कल्पना खड्का | कार्यपालिका सदस्य | | | |
| २४ | सिता शाह | कार्यपालीका सदस्य | | | |
| २५ | गोरख बहादुर कामी | कार्यपालीका सदस्य | | | |
| २६ | खड्क बहादूर कामी | कावा अध्यक्ष १२ | | | |
| २७ | कपिलदेव शर्मा | नि.प्र.प्रशा.अधिकृत | | | |
| २८ | गणेश चन्द | सुचना प्रविधि अधिकृत | | | |
| २९ | जय बहादुर बुढा | प्रशिक्षक | | | |
| ३० | मुमे दमाई | कार्यालय सहयोगी | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## मिति २०७५।०६।०९ र १० गते बसेको नगर कार्यपालिकाको बैठकका प्रस्तावहरु

१. एकीकृत शहरी विकास योजना तर्जुमा सम्बन्धमा।
२. शैक्षिक ऋण उपलब्ध गराउने सम्बन्धमा।
३. ऋण, शेयर तथा अनुदान बापतको खर्च अनुमोदन सम्बन्धमा।
४. जग्गा भाडामा लिने सम्बन्धमा।

## मिति २०७५।०६।०९ र १० गते बसेको नगर कार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. १ः-** प्रस्ताव नं. १ मा छलफल गर्दा यस आठविसकोट नगरपालिकाको एकीकृत शहरी विकास योजना तर्जुमा सम्बन्धी क्षेत्रगत विकास योजना कार्यशाला शहरी विकास तथा भवन निर्माण विभाग बबहरमहल, काठमाडौंको सहयोगमा र NREC-MCS-GI परामर्शमा नगरपालिकाको १४ वटै वडाहरुमा गाउँ/नगरमा कृषि, आवास, यातायात, स्वास्थ्य, शिक्षा, सञ्चार, पर्यटन, उद्योग लगायतका क्षेत्रको विकासको लागि सहभागितामूलक ढङ्गबाट बहुवर्षे योजना निर्माण कार्यसम्बन्धी कार्यशाला सम्पन्न गरियो।

**निर्णय नं. २ः-** प्रस्ताव नं. २ मा छलफल गर्दा नगरसभाबाट आर्थिक वर्ष २०७५।०७६ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भए अनुसार नगर कार्यपालिकाको मिति २०७५।०४।१४ देखि ऐ १९ गतेसम्म बसेको २३ औं बैठकबाट स्वीकृत आठविसकोट नगरपालिका शैक्षिक ऋण सम्बन्धी कार्यविधि, २०७५ बमोजिम पाइलोट पढ्न फिलिपिन्स गएका आठविसकोट नगरपालिका वडा नं. ५, रुकुम (पश्चिम) का ललित भण्डारी र ऐ नगरपालिका वडा नं. १०, रुकुम (पश्चिम) का गोविन्द के.सी.लाई आठविसकोट बचत तथा ऋण सहकारी संस्था लिमिटेड, रुकुम (पश्चिम) मार्फत जनही रू ३०,००,०००।०० (तीस लाख रुपैयाँमात्र) शैक्षिक ऋण बापत उपलब्ध गराउने र सोको कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखलाई निर्देशन दिने निर्णय सर्वसहमतिबाट पारित गरियो ।

**निर्णय नं. ३ः-** प्रस्ताव नं. ३ मा व्यापक छलफल गर्दा आर्थिक वर्ष २०७४।०७५ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार मिति २०७४।१२।२९, ३० र मिति २०७५।०१।०२ एवं ऐ ०४ गते बसेको नगर कार्यपालिकाको १६ औं बैठकको निर्णयानुसार उद्यम विकास कोष संचालन तथा व्यवस्थापन, ऋण तथा अनुदान प्रवाह सम्बन्धी कार्यविधि, २०७४ बमोजिम मिति २०७५।०३।३२ गते (भौचर नं. ४५२) आठविसकोट बचत तथा ऋण सहकारी संस्थालाई उपलब्ध गराईएको ऋण तथा अनुदान बापतको रकम रू ३८,४०,०००।०० (अक्षरुपी अर्तिस लाख चालिस हजार रुपैयाँमात्र) र ऐ मिति (भौचर नं. ४५३) मा ऐ सहकारी संस्थालाई उपलब्ध गराईएको सहकारी शेयर र अनुदान बापतको रकम रू ३३,६५,०००।०० (तेत्तीस लाख पैसट्ठी हजार रुपैयाँमात्र) अनुमोदन गर्ने एवं उक्त ऋण, अनुदान र शेयर बापत उपलब्ध गराईएको रकम औचित्यपूर्ण तरिकाले सदुपयोग भए/नभएको नियमित अनुगमन तथा नियमन गर्ने तथा उद्देश्य अनुसार सदुपयोग नभएको पाइएमा जुनसुकै बखत उक्त रकम नगरपालिकाको संचित कोषमा ब्याजसहित उक्त सहकारी संस्थाबाट असूल उपर गर्ने निर्णय सर्वसहमतिबाट पारित गरियो।

**निर्णय नं. ४ः-** प्रस्ताव नं. ४ मा व्यापक छलफल गर्दा यस नगरपालिकाको आर्थिक वर्ष २०७५।०७६ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार नगरपालिकाले सङ्घ तथा प्रदेश सरकारसँग समेत समन्वय र साझेदारी गरी आठविसकोट नगरपालिका वडा नं. १० र १२ झिनचौरमा फलफूलमा आधारित (जुस लगायतका पेय पदार्थ उत्पादन गर्ने) उद्योग र काष्ठ उद्योग तथा वडा नं. १० घारीखोलामा मसला उद्योग स्थापनाको लागि आवश्यक पर्ने जग्गा प्रचलित भाडादर कायम हुने गरी कम्तिमा १० वर्षको लागि बहालमा लिने र सम्बन्धित जग्गाधनीहरुसँग वार्ता तथा समझदारी गरी नगरपालिकाको आवश्यकता र औचित्यता अनुसार उक्त जग्गा नगरपालिकाको नाममा प्राप्ति हुने प्रक्रिया समेत अगाडी बढाउने निर्णय सर्वसहमतिबाट पारित गरियो।

रामबहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल
२०७४



Scanned with CamScanner